गण्डकी प्रदेश, नेपाल
२०७३

**मिति २०७७।१०।१६ गते बसेको ७४ औं नगर कार्यपालिकाको बैठकका निर्णयहरु:**

**निर्णय नं. १** गैंडाकोट नगरपालिकामा देहाय बमोजिमको भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग एवं सहजीकरण गर्न नगरस्तरीय देहाय बमोजिमको भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्ने निर्णय गरियो।

१) श्री छत्रराज पौडेल - नगर प्रमुख - संयोजक

२) श्री विष्णु कुमारी कंडेल - नगर उपप्रमुख - उपसंयोजक

३) नगर क्षेत्र भित्र क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रमुख वा निजले तोकेको प्रतिनिधि

क) नेपाल कम्युनिष्ट पार्टी ( ने.क.पा.) को प्रमुख वा प्रतिनिधि - सदस्य

ख) नेपाली कांग्रेस पार्टीको प्रमुख वा प्रतिनिधि - सदस्य

ग) जनता समाजवादी पार्टी नेपालका तर्फबाट गोपेन्द्रकेशरी न्यौपाने - सदस्य

घ) राष्ट्रिय प्रजातान्त्रिक पार्टीको तर्फबाट महेन्द्र कार्की - सदस्य

ङ) राष्ट्रिय जनमोर्चा पार्टीको प्रमुख वा प्रतिनिधि - सदस्य

४) कार्यपालिकाका सदस्यहरु मध्येबाट एक दलित महिला सहित दुई जना महिला

क) श्री निरा दर्जी - सदस्य

ख) श्री कुमारी रेखा पौडेल - सदस्य

५) संयोजकले मनोनयन गरेका भूमि आवास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संस्था, संगठन वा नागरिक समाजका प्रतिनिधि( कम्तिमा १ महिला सहित २ जना )

क) श्री दान बहादुर क्षेत्री (गैंडाकोट-५) - सदस्य

ख) श्री अम्बिका कँडेल (गैंडाकोट-१६) - सदस्य

६) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

➢ स्थलगत रुपमा तथ्यांक संकलन तथा नाप नक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुर्याउन देहाय बमोजिमको १ देखि १८ नं. सबै वडामा वडास्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्ने;

१) वडा अध्यक्ष - अध्यक्ष

२) वडा सदस्यहरु - सदस्य

३) सम्बन्धित वडा अध्यक्षको सिफारिसमा नगर प्रमुखले मनोनयन गरेका भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेका संघ संस्था वा नागरिक समाजका कम्तिमा एक महिला सहित दुई जना प्रतिनिधि

प्रसाद उप्रेती
प्रशासकीय अधिकृत

विष्णु कुमारी कंडेल
नगर उप-प्रमुख

छत्रराज पौडेल

| | | |
|---|---|---|
| वडा नं १ | (क) श्री कासीनाथ कंडेल | - सदस्य |
| | (ख) श्री सिता सिग्देल | - सदस्य |
| वडा नं २ | (क) श्री गोविन्द सुवेदी | - सदस्य |
| | (ख) श्री कमला गुरुङ | - सदस्य |
| वडा नं ३ | (क) श्री कृष्ण बहादुर वि.क. | - सदस्य |
| | (ख) श्री जुनु माया सिंजाली थापा मगर | - सदस्य |
| वडा नं ४ | (क) श्री लक्ष्मी कमली | - सदस्य |
| | (ख) श्री दामोदर तिवारी | - सदस्य |
| वडा नं ५ | (क) श्री | - सदस्य |
| | (ख) श्री जमुना भुषाल | - सदस्य |
| वडा नं ६ | (क) श्री इन्दिरा खनाल | - सदस्य |
| | (ख) श्री शुभाष चापागाई | - सदस्य |
| वडा नं ७ | (क) श्री धनपति सापकोटा | - सदस्य |
| | (ख) श्री विमला मगर | - सदस्य |
| वडा नं ८ | (क) श्री खगेश्वर गौडेल | - सदस्य |
| | (ख) श्री पार्वती सापकोटा | - सदस्य |
| वडा नं ९ | (क) श्री बुद्धिनाथ घिमिरे | - सदस्य |
| | (ख) श्री कल्पना देवकोटा | - सदस्य |
| वडा नं १० | (क) श्री प्रेम सापकोटा | - सदस्य |
| | (ख) श्री लिला पौडेल | - सदस्य |
| वडा नं ११ | (क) श्री बाबुराम पराजुली | - सदस्य |
| | (ख) श्री जुना गौतम | - सदस्य |
| वडा नं १२ | (क) श्री वीर बहादुर शाही | - सदस्य |
| | (ख) श्री रोहिणी सदाशंकर सुनार | - सदस्य |
| वडा नं १३ | (क) श्री विष्णु प्रसाद गौतम | - सदस्य |
| | (ख) श्री दुर्गा सापकोटा | - सदस्य |
| वडा नं १४ | (क) श्री प्रकाश कुमाल | - सदस्य |
| | (ख) श्री चिजमाया वि.क. | - सदस्य |
| वडा नं १५ | (क) श्री राजु कुमार श्रेष्ठ | - सदस्य |
| | (ख) श्री गीता पौडेल | - सदस्य |
| वडा नं १६ | (क) श्री नन्द राम सापकोटा | - सदस्य |
| | (ख) श्री जुना वि.क. | - सदस्य |
| वडा नं १७ | (क) श्री कमल अधिकारी | - सदस्य |

(ख) श्री रमा पाण्डे - सदस्य

वडा नं १८ (क) श्री चुम बहादुर चितौरे मगर - सदस्य

(ख) श्री सुमित्रा वि.क. - सदस्य

**निर्णय नं. २** जिल्ला समन्वय समिति नवलपरासी(ब.सु.पू.) बाट यस नगरपालिकाका लागि प्राप्त हुने बजेटलाई देहाय बमोजिमका योजना कार्यान्वयनको लागि माग गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) ककरसोत खोला सिंचाई आयोजना वडा नं. १२ | रु. १५ लाख |
| ख) ढोलबाजा खोला सिंचाई आयोजना वडा नं. १२,१३ र १५ | रु. २५ लाख |
| ग) जयश्री कुलो स्तरोन्नति वडा नं. १ र ४ | रु. ६ लाख २३ हजार |
| घ) बेल्टारी सिंचाई आयोजना वडा नं. ६,७, ८ र ९ | रु. १५ लाख |
| ङ) टाउन खोला कुलो स्तरोन्नति वडा नं. १४ | रु. ७ लाख |

**निर्णय नं. ३** यस गैंडाकोट नगरपालिका कार्यालयको लागि सडक बोर्ड नेपाल बाट प्राप्त रु. ५० लाख लाई देहाय बमोजिमका योजनाहरुमा बाडफाँड गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) कालिका चोक देखि कांग्रेस चोक सडक मर्मत वडा नं. ५ | रु. २५ लाख |
| ख) भेडाबारी देखि सिख्रौली सडक मर्मत वडा नं | रु. २५ लाख |

यसमा नियमानुसार ३०% रकम नगरपालिकाले बेहोर्ने ।

**निर्णय नं. ४** वडा नं. ७ को वडा कार्यालयको भवन तथा आधारभुत स्वास्थ्य ईकाइ निर्माण तथा तारबार निर्माणका लागि रु.२,५२,०००।- र तरकारी तथा फलफूल हाट बजार व्यवस्थापन समिति वडा नं. १३ लाई हाट बजार निर्माण गर्ने प्रयोजनका लागि रु .५,००,०००।- आ.व. २०७६/०७७ मा बाँकी रहेको लागत सहभागीता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५** गैंडाकोट नगरपालिकाको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण र तथ्याङ्क संकलन तथा व्यवस्थापन र कार्यालय सञ्चालन प्रयोजनका लागि आवश्यक पर्ने बजेट गत आर्थिक बर्ष ०७६/०७७ मा खर्च नभै बचत रहेको सेवा तथा परामर्श सेवा तर्फबाट बचत रकम रु.१३,००,०००।- र आ.व. ०७७/०७८ मा कार्यालय संचालन तर्फ विनियोजन गरिएको भैपरी आउने चालु खर्च तर्फबाट रु.२,००,०००।- गरी जम्मा रु.१५,००,०००।- रकम उक्त कार्यका लागि विविध कार्यक्रम खर्च शिर्षकमा रकम रकमान्तर गरी खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं. ६** यस गैंडाकोट नगरपालिका वडा नं. ११ मा रहेको पितौजीघाट स्वास्थ्य चौकीलाई गैंडाकोट नगरपालिकाको मिति २०७५।११।१४ को कार्यपालिकाको बैठकबाट प्रस्तावित नगर अस्पताल बनाउने निर्णय भएको साथै नेपाल सरकारबाट १५ शैयाको अस्पतालमा स्तरोउन्नती गर्ने निर्णय समेत गरेकोले सो स्वास्थ्य चौकीको नाउँमा जग्गा नभएको, सो स्वास्थ्य चौकीले स्थापना अवस्था देखि नै सार्वजनिक जग्गा उपभोग गर्दै आईरहेको, सो

२०७७/१०/१५ विष्णु प्रसाद भुसाल प्रमुख प्रशासकीय अधिकृत

विष्णु कुमारी कंडेल नगर उप-प्रमुख

छत्रराज पौडेल नगर प्रमुख

आसपासमा सरकारी जग्गा नभएको हुँदा एवं अस्पतालका लागि उपयुक्त जग्गा किन्नका लागि बजेट नभएको तथा जग्गा दाता पनि नपाईएकाले र उक्त स्थान नै अस्पताल बनाउन उपयुक्त रहेकाले स्वास्थ्य चौकीलाई अस्पतालमा स्तरोउन्नती गर्दा पनि सार्वजनिक प्रकृति कै जग्गा उपलब्ध गराउनु पर्ने भएकोले वेल्डिया ४ ख कित्ता नं. १० को ८-४-११ मध्ये महेन्द्र राजमार्गसँग जोडिएको उत्तर पूर्वको ज.वि.१-१०-० पितौजीघाट स्वास्थ्य चौकी रहेको जग्गा नै नगर अस्पताल बनाउनको लागि अस्पतालले उपभोग गर्ने गरी जग्गा उपलब्ध गराउन सहमती सहित सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं .७** गैंडाकोट नगरपालिका र अन्तर्गत विभिन्न वडा समितिबाट निर्णय भई आए बमोजिमका आ.व.२०७७/०७८ सम्मका योजनाहरुलाई विभिन्न कारणले साविक योजना असान्दर्भिक भएका वा अन्य निकाय वा श्रोतबाट सम्बोधन भएका वा तत्काल नयाँ काम गर्न अत्यावश्यक नभएका देहायका योजनाहरुलाई वडा समितिको सिफारिसमा संशोधन/ परिमार्जन गर्ने निर्णय गरियो ।

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

विष्णु कुमारी कंडेल
नगर उप-प्रमुख

छत्रराज पौडेल
नगर प्रमुख